# चामे गाउँपालिका

# स्थानीय राजपत्र

चामे गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ०८)चामे, साउन ९ गते, २०८१ साल (संख्या ०३

**भाग २**

## चामे गाउँपालिका, गाउँ कार्यपालिकाको सूचना

### चामे गाउँपालिकाको कृषि कार्यक्रम संचालन तथा अनुदान सम्बन्धी कार्यविधि २०८१

**प्रस्तावना:**

चामे गाउँपालिकाले कृषि क्षेत्रलाई समृद्धिको आधार मानेको छ । चामे गाउँपालिकालाई आर्थिक रुपमा समृद्धितर्फ लैजान सहयोग पुर्याउने विभिन्न विषयगत क्षेत्र मध्ये एउटा प्रमुख सम्वाहकको रुपमा रहेको कृषिलाई समय सापेक्ष व्यवसायीकरण एवं आधुनिकीकरणमा सहयोग पुर्याउनका लागि कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन जरुरी छ । कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, औद्योगिकरण गरी नागरिकको आय वृद्धि

गर्न तथा रोजगारी सिर्जनाको लागि नेपालको संविधान – २०७२ को धारा २२६, स्थानिय सरकार संचालन ऐन – २०७४ को दफा १०२ र चामे गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन – २०७४ को दफा २ (ढ) ले दिएको अधिकार प्रयोग गरी चामे गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १ -

### प्रारम्भिक :

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१). यो कार्यविधिको नाम चामे गाउँपालिकाको कृषि कार्यक्रम संचालन तथा अनुदान सम्बन्धी कार्यविधि , २०८१ सम्झनु पर्दछ ।

(२). यो कार्यविधि चामे गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "गाउँपालिका" भन्नाले चामे गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख. "कार्यपालिका" भन्नाले चामे गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. "अध्यक्ष" भन्नाले चामे गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

घ. "उपाध्यक्ष" भन्नाले चामे गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ङ. "विषयगत समिति" भन्नाले कृषि क्षेत्र समेत हेर्ने गरी गठित समिति सम्झनु पर्दछ ।

च. "संयोजक" भन्नाले विषयगत समितिको संयोजक सम्झनु पर्दछ ।

छ. "वडा" भन्नाले चामे गाउँपालिकाका सबै वडा कार्यालय सम्झनु पर्दछ

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

झ. "शाखा प्रमुख" भन्नाले चामे गाउँपालिकाको कृषि लगाएत शाखा हेर्ने प्रमुखलाई सम्झनु पर्दछ ।

ञ. "अनुदान" भन्नाले यस कार्यविधि अन्तर्गत कृषकलाई दिइने अनुदान सम्झनु पर्दछ ।

ट. "कार्य विधि" भन्नाले चामे गाउँपालिकाको कृषि कार्यविधि २०८१ सम्झनु पर्दछ ।

ठ. "कार्यक्रम" भन्नाले चामे गाउँपालिकाबाट स्विकृत कृषि कार्यक्रमलाई सम्झनु पर्दछ ।

ड. "समिति" भन्नाले गाउँकार्यपालिका भित्र गठित कृषिसँग सम्बन्धित विषयगत समिति सम्झनु पर्दछ ।

ढ."कृषक समन्वय समिति" भन्नाले कृषक समुहरु मिलि गठित समितिलाई सम्झनु पर्दछ ।

ण."समुह" भन्नाले गाउँपालिका क्षेत्रभित्रका गाउँटोलमा कृषिलाई व्यवसायीकरण गर्न कृषकहरु मिलि बनेको समुहलाई सम्झनु पर्दछ ।

त."कृषि क्षेत्र" भन्नाले कृषि सेवा विकाससँग सम्बन्धित बालीनाली, उन्नत विउँबिजन, कृषि औजार, रासायनिक र प्राङ्गारिक मल, किटनाशक जैविक तथा अन्य विषादी, साना सिँचाई, कृषि लगानी, कृषि सहकारी, कृषि हाटबजार, कृषि प्रसार, कृषक समुहलाई सम्झनु पर्दछ ।

३. <u>उद्देश्यहरु :</u> यस कार्यविधिका उद्देश्य देहाय वमोजिम हुनेछन ।

क. कृषि कार्यक्रम संचालन प्रक्रियालाई सरल, छिटो छरितो, प्रभावकारी एवं पारदर्शिक बनाउन मद्दत गर्ने

ख.स्थानीय सरकारको रुपमा यस गाउँपालिकालाई कृषकमुखि बनाउने।

ग. गाउँ स्तरबाट संचालन हुने कृषि कार्यक्रमहरुलाई मार्ग दर्शक प्रदान गर्ने ।

घ. प्रत्येक नागरिकलाई आफै स्वस्थ तरकारी उत्पादन, सन्तुलित आहारा र स्वस्थ जीवन जिउन प्रेरित गर्ने ।

ङ. नागरिकको आय वृद्धि, रोजगारी सृजनाका साथै खाद्यान्न तथा तरकारीमा आत्मनिर्भर बनाउने ।

च. नगदे वाली (तरकारी, मौरी पालन तथा फलफूल) को उत्पादनलाई नागरिकको आम्दानी, रोजगारी सँगै पर्यटन विकासमा जोड्दै उत्पादन पकेट क्षेत्रका रुपमा गाउँपालिकालाई स्थापित गर्ने ।

छ. आधुनिक कृषि प्रणाली अवलम्बनबाट उत्पादकत्व वृद्धिका साथै कृषिमा आधारित उद्योग संचालनमा जोड दिदै रोजगारी सृजना गर्ने ।

ज. कृषि व्यवसायमा थप लगानी गर्ने वातावरण सृजाना गरी रोजगारी वृद्धि गर्ने तथा विदेशीयका युवाहरुलाई समेत स्वदेशमै व्यवसाय संचालन गर्न उत्प्रेरित गर्ने ।

झ. आवश्यकाता अनुसार कृषि क्षेत्रमा सहयोग पुऱ्याउने खालका विविध किसिमका अनुदान कार्यक्रम संचालन गर्ने ।

## परिच्छेद २-

## कार्यक्रमको पहिचानसंचालन प्रकृया तथा ,छनौट , कार्यान्वयन:

४ .**कार्यक्रम छनौट तथा अभिमुखिकरण कार्यक्रम** : कृषि क्षेत्रको विकासको लागि गाउँपालिका क्षेत्रभित्र देहायका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

क. उन्नत तरकारीको बिउ वितरण कार्यक्रम

ख. प्राङ्गारिक मल वितरण कार्यक्रम

ग. बाली संरक्षणको लागि विषादी तथा भिटामिन वितरण कार्यक्रम

घ. रसायनिक मलमा ढुवानी अनुदान

ङ. करेसाबारी प्रवर्द्धनको गर्न सिँचाई सुविधाको लागि पाईप वितरण कार्यक्रम

च. लोकल स्याउको बिरुवा वितरण कर्यक्रम

छ. नयाँ प्रविधि प्रर्दशन कार्यक्रम

ज. कृषि यान्त्रीकरणको लागि सहयोग

झ. निलोतुथो चुना वितरण कर्यक्रम

ञ. ढुवानी कार्यक्रम

ट. जनशक्ति परिचालन तथा विविध खर्च

## ५ .कार्य जिम्मेवारी :

यस कार्यविधिलाई प्रभावकारी रुपमा लागु गर्न निम्नानुसार निकायको कार्य जिम्मेवारी रहने छ ।

क. गाउँकार्यपालिका कार्यविधि पारित गरी सफल रुपमा कार्यान्वयन भए नभएको प्रत्यक्ष निगरानी एवं अनुगमन गर्ने समय सापेक्ष परिमार्जन गर्दै लैजाने ।

ख. गाउँपालिकाले कार्यविधि प्रभावकारी रुपमा कार्यान्वयन गर्न लगाउने।

ग. कृषि शाखाले प्राविधिक रुपमा जिम्मेवारी लिई कार्यक्रम कार्यान्वयन गर्ने ।

घ. वडा कार्यालय तथा सम्पर्क केन्द्रले कृषकका समस्याहरु समधान गर्न आवश्यकतानुसार कार्यक्रम कृषक समक्ष पुर्याउने ।

ङ. कृषक, कृषक समुह तथा कृषक समुह समन्वय समिति कार्यक्रमका उद्धेश्यहरु हाँसिल गर्न क्रियाशिल भई उत्पादन तथा बजारीकरणमा प्रत्यक्ष रुपमा संलग्न भई प्रभावकारी रुपमा कार्य गर्ने ।

## ६ .कार्यक्रम संचालन कार्यविधि :

दफा ४ का कार्यक्रम संचालन गर्न देहायका कार्यविधि पुरा गर्नु पर्नेछ।

### क. उन्नत तरकारीको बिउ वितरण कार्यक्रम :

- चामे गाउँपालिकाको लागि हावापानी र भौगोलिक दृष्टिले उपयुक्त हुने उन्नत तरकारीको बालीको सिडकिड निशुल्क वितरण गरिने छ।

- व्यवसायिक रुपमा खेती गर्ने कृषकलाई आवश्यक सम्पुर्ण तरकारीको बिउ निशुल्क रुपमा उपलब्ध गराईनेछ ।

## ख. प्राङ्गारिक मल वितरण कार्यक्रम :

- चामे गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने किसानलाई कृषि पेशातर्फ आकर्षण गर्नको लागि कृषकलाई खरिद मुल्यको ८० % अनुदानमा प्राङ्गारिक मल उपलब्ध गराइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र नियमानुसार दर्ता भएका व्यवसासयिक रुपमा कृषि खेती गर्ने कृषक, कषक समुह, कृषि सहकारी,कृषि फर्म, कृषि उद्यमीलाई प्राङ्गारिक मल वितरणमा विशेष प्राथमिकता दिइनेछ।
- गाउँपालिकामा आवश्यक प्रक्रिया पुरा गरी , कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरण गर्नुपर्नेछ ।
- कृषि शाखाले कार्यक्रम संचालन पुर्व १५ दिने वा ७ दिने आवश्यकतानुसार सुचना प्रकाशन गर्नेछ ।
- वडा कार्यालयको सहकार्यमा कृषि शाखाले कृषकको निवेदन संकलन गर्नेछ ।
- कृषकले गाउँपालिकामा निवेदन दिदा तपशिलका कागजातहरु संलग्न गर्नुपर्नेछ ;
  - कृषक, कषक समुह, कृषि सहकारी,कृषि फर्म, कृषि उद्यमीको निवेदन,
  - कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि,
  - सम्बन्धित वडा कार्यालयको सिफारिस,
  - कषक समुह, कृषि सहकारी,कृषि फर्मको हकमा स्थाई लेखा नम्बर परिचयपत्रको प्रतिलिपि,
  - चामे गाउँपाललिकामा चालु आ व को कर चुक्ता प्रमाणपत्रको

प्रतिलिपि,

- म्याद नाघि आएका निवेदन उपर कुनै काम कार्वाही हुनेछैन ।
- रितपुर्वक संकलन भएका निवेदन माथि आवश्यक निर्णय पश्चात कार्यक्रम संचालन गर्नुपर्नेछ ।

## ग. रसायनिक मलमा ढुवानी अनुदान :

- चामे गाउँपालिकाभित्र बसोबास गर्ने कृषकलाई आवश्यक पर्ने रसायनिक मल यस गाउँपालिकाले पोखरा देखि यस पालिका सम्म निशुल्क रुपमा ढुवानी गरिदिने छ ।
- गाउँपालिका क्षेत्रभित्र नियमानुसार दर्ता भएका व्यवसासयिक रुपमा कृषि खेती गर्ने कृषक, कषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमीलाई रसायनिक मल ढुवानीमा प्राथमिकता दिइनेछ ।
- गाउँपालिकामा आवश्यक प्रक्रिया पुरा गरी कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरण गर्नुपर्नेछ ।
- कृषि शाखाले कृषकलाई आवश्यक पर्ने रसायनिक मलको लागि १५ दिने वा ७ दिने आवश्यकतानुसार सुचना प्रकाशन गर्नेछ ।
- वडा कार्यालयको सहकार्यमा कृषि शाखाले कृषकको निवेदन संकलन गर्नेछ ।
- रसायनिक मलको नेपाल सरकारले तोकेको मूल्य कृषकले व्यहोर्नु पर्नेछ र ढुवानी वापतको सम्पुर्ण रकम गाउँपालिकाले व्यहोर्नेछ ,
- कृषकले गाउँपालिकामा निवेदन दिदाँ तपशिलका कागजातहरु संलग्न गर्नुपर्नेछ ;
- कृषक, कषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमीको निवदन,
- कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि,
- कषक समुह, कृषि सहकारी,कृषि फर्मको हकमा स्थाई लेखा नम्बर

परिचयपत्रको प्रतिलिपि,

- चामे गाउँपाललिकामा  चालु आ व को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- म्याद नाघि आएका निवेदन  उपर कुनै काम कार्वाही हुनेछैन ।
- रितपुर्वक  संकलन भएका निवेदन माथि कृषि विकास समितिले आवश्यक निर्णय पश्चात कार्यक्रम संचालन गर्नुपर्नेछ ।

## घ. <u>बाली संरक्षणको लागि विषादी तथा भिटामिन वितरण कार्यक्रम</u>

- चामे गाउँपालिकामा खेती हुने तरकारी तथा फलफुलको वृद्धि विकासको  लागि  उपयुक्त हुने भिटामिन तथा हर्मोन गाउँपालिकाले कृषकलाई निशुल्क रुपमा वितरण गर्नेछ ।
- चामे गाउँपालिकामा खेती हुने तरकारी तथा फलफुललाई विभिन्न किसिमका रोग तथा किराबाट बचाउनको लागि जैविक तथा रासायनिक विषादी  निशुल्क वितरण गरिने छ ।

## ङ. <u>करेसाबरी प्रवर्द्धन गर्न सिँचाई सुविधाको लागि पाईप वितरण कार्यक्रम :</u>

- चामे गाउँपालिका क्षेत्रभित्रका कृषकलाई करेसाबारी प्रवर्द्धन गर्न सिँचाई सुविधाको लागि ८० % (प्रतिशत) अनुदानमा पाईप खरिद गरि वितरण गराइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र नियमानुसार दर्ता भएका व्यवसासयिक रुपमा कृषि खेती गर्ने कृषक,  कषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमीलाई पाईप वितरणमा प्राथमिकता दिइनेछ ।
- गाउँपालिकामा आवश्यक प्रक्रिया पुरा गरी कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरण गर्नुपर्नेछ ।
- कृषि शाखाले कार्यक्रम संचालन पुर्व १५ दिने वा ७ दिने आवश्यकतानुसार सुचना प्रकाशन गर्नेछ ।

- वडा कार्यालयको सहकार्यमा कृषि शाखाले कृषकको निवेदन संकलन गर्नेछ ।
- कृषकले गाउँपालिकामा निवेदन दिदाँ तपशिलका कागजातहरु संलग्न गर्नुपर्नेछ ;
  - कृषक, कषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमीको निवदन,
  - कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि,
  - कषक समुह, कृषि सहकारी,कृषि फर्मको हकमा स्थाई लेखा नम्बर परिचयपत्रको प्रतिलिपि,
  - चामे गाउँपाललिकामा चालु आ.व.सम्मको कर तिरेको रसिदको प्रतिलिपि,
- म्याद नाघि आएका निवेदन उपर कुनै काम कार्वाही हुनेछैन ।
- यी उल्लेखित सामाग्री सार्वजानिक खरिद ऐन ,२०६३ र नियमावली,२०६४ अनुसार आवश्यक प्रक्रिया पुरा गरी कृषि शाखाले खरिद गर्नेछ

## च. नयाँ प्रविधि प्रर्दशन कर्यक्रम :

- चामे गाउँपालिकाभित्र बसोबास गर्ने कृषकलाई नयाँ तथा रैथाने जातका लोपन्मुख प्रजातिका फलफूलको विरुवा १००% अनुदानमा उपलब्ध गराइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र नियमानुसार दर्ता भएका व्यवसासयिक रुपमा कृषि खेती गर्ने कृषक, कषक समुह, कृषि सहकारी,कृषि फर्म, कृषि उद्यमीलाई तथा अगुवा कृषकलाई प्राथमिकता दिइनेछ गाउँपालिकाको कृषि प्राविधिकको प्रत्क्षय निगरानीमा हुकाने छ र

राम्रो फस्टाएमा आगामी आ.व. मा थप बजेट विनियोजन गरी यो कार्यक्रम सम्पूर्ण कृषकमा बिस्तार गरिनेछ ।

- गाउँपालिकामा आवश्यक प्रक्रिया पुरा गरी कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरण गर्नुपर्नेछ ।
- कृषि शाखाले कार्यक्रम संचालन पुर्व १५ दिने वा ७ दिने आवश्यकतानुसार सुचना प्रकाशन गर्नेछ ।
- वडा कार्यालयको सहकार्यमा  कृषि शाखाले कृषकको निवेदन संकलन गर्नेछ ।
- कृषकले गाउँपालिकामा  निवेदन दिदाँ तपशिलका कागजातहरु संलग्न गर्नुपर्नेछ ;
  - कृषक, कषक समुह, कृषि सहकारी,कृषि फर्म, कृषि उद्यमीको निवदन,
  - कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि,
  - सम्बन्धित वडा कार्यालयको सिफारिस,
  - कषक समुह, कृषि सहकारी,कृषि फर्मको हकमा स्थाई लेखा नम्बर परिचयपत्रको प्रतिलिपि,
  - चामे गाउँपाललिकामा चालु आ.व. को कर तिरेको रसिदको प्रतिलिपि,
- म्याद नाघि आएका निवेदन  उपर कुनै काम कार्वाही हुनेछैन ।
- रितपुर्वक  संकलन भएका निवेदन माथि कृषि विकास समितिले स्थलगत निरीक्षण गरि आवश्यक निर्णय पश्चात कार्यक्रम संचालन गर्नुपर्नेछ ।

## छ. <u>लोकल स्याउको बिरुवा वितरण कर्यक्रम</u> :

- चामे गाउँपालिकालाई स्याउमा आत्मनिर्भर बनाई स्याउ आयातलाई प्रतिस्थापन गर्ने उद्देश्यले कृषकलाई १००% अनुदानमा लोकल स्याउका बिरुवा उपलब्ध गराइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र नियमानुसार दर्ता भएका व्यवसासयिक रुपमा कृषि खेती गर्ने कृषक, कषक समुह, कृषि सहकारी,कृषि फर्म, कृषि उद्यमीलाई लोकल स्याउका बिरुवा वितरणमा विशेष प्राथमिकता दिइनेछ ।
- गाउँपालिकामा आवश्यक प्रक्रिया पुरा गरी कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरण गर्नुपर्नेछ ।
- कृषि शाखाले कार्यक्रम संचालन पुर्व १५ दिने वा ७ दिने आवश्यकतानुसार सुचना प्रकाशन गर्नेछ ।
- वडा कार्यालयको सहकार्यमा कृषि शाखाले कृषकको निवेदन संकलन गर्नेछ ।
- कृषकले गाउँपालिकामा निवेदन दिदाँ तपशिलका कागजातहरु संलग्न गर्नुपर्नेछ ;
  - कृषक, कषक समुह, कृषि सहकारी,कृषि फर्म, कृषि उद्यमीको निवदन,
  - कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि,
  - सम्बन्धित वडा कार्यालयको सिफारिस,
  - कषक समुह, कृषि सहकारी,कृषि फर्मको हकमा स्थाई लेखा नम्बर परिचयपत्रको प्रतिलिपि,
  - चामे गाउँपाललिकामा चालु आ.व.सम्मको कर तिरेको रसिदको प्रतिलिपि,
  - म्याद नाघि आएका निवेदन उपर कुनै काम कार्वाही हुनेछैन ।

- रितपुर्वक संकलन भएका निवेदन माथि कृषि विकास समितिले स्थलगत निरीक्षण गरि आवश्यक निर्णय पश्चात कार्यक्रम संचालन गर्नुपर्नेछ ।

## ज. निलोतुथो चुना वितरण कर्यक्रम :

- चामे गाउँपालिकालाई स्याउमा आत्मनिर्भर बनाई स्याउको आयातलाई प्रतिस्थापन गर्ने उद्देश्यका साथ चामे गाउँपालिका क्षेत्रभित्र व्यवसायिक रुपमा स्याउ खेती गर्ने कृषकलाई आवश्यक पर्ने निलोतुथो चुना निशुल्क रुपमा वितरण गरिने छ ।

## झ. कृषि यान्त्रीकरणमा सहयोग कार्यक्रम :

- चामे गाउँपालिका क्षेत्रभित्रका कृषकलाई कृषि यान्त्रीकरणमा जोड्ने उद्देश्यले ७५% (प्रतिशत) अनुदानमा करु काट्ने र चुट्ने (Combined Thressor),करु पिस्नको लागि पिस्ने मेसिन र जोत्न हाते ट्रयाक्टर खरिद गरि वितरण गराइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र नियमानुसार दर्ता भएका व्यवसासयिक रुपमा कृषि खेती गर्ने कृषक, कषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमीलाई कृषि यान्त्रीकरण सहयोग कार्यक्रममा प्राथमिकता दिइनेछ ।
- गाउँपालिकामा आवश्यक प्रक्रिया पुरा गरी कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरण गर्नुपर्नेछ ।
- कृषि शाखाले कार्यक्रम संचालन पुर्व १५ दिने वा ७ दिने आवश्यकतानुसार सुचना प्रकाशन गर्नेछ ।
- वडा कार्यालयको सहकार्यमा कृषि शाखाले कृषकको निवेदन संकलन गर्नेछ ।
- कृषकले गाउँपालिकामा निवेदन दिदाँ तपशिलका कागजातहरु संलग्न गर्नुपर्नेछ ;
- कृषक, कषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमीको

निवदन,
- कषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि,
- कषक समुह, कृषि सहकारी,कृषि फर्मको हकमा स्थाई लेखा नम्बर परिचयपत्रको प्रतिलिपि,

चामे गाउँपाललिकामा चालु आ व को कर तिरेको रसिदको प्रतिलिपि,
- म्याद नाघि आएका निवेदन  उपर कुनै काम कार्वाही हुनेछैन ।
- यी उल्लेखित सामाग्री सार्वजानिक खरिद ऐन ,२०६३ र नियमावली,२०६४ अनुसार आवश्यक प्रक्रिया पुरा गरी कृषि शाखाले खरिद गर्नेछ ।

## ञ. <u>ढुवानी कार्यक्रम :</u>

- चामे गाउँलिकाको कृषि क्षेत्र विकासको लागि  सम्पुर्ण कृषि कार्यक्रम संचालन गर्न आवश्यक बस्तु (सामग्री) तथा सेवा चामे वा मनाङ जिल्लामा नपाइने कारण अन्य स्थानबाट ढुवानी गर्दा मनाङ जिल्लाको जिल्ला दररेट वा चामे गाउँपालिकाको स्थानिय दररेट अनुसार गरिनेछ ।

## ट. <u>जनशक्ति परिचालन तथा विविध खर्च :</u>

- चामे गाउँपालिकामा कृषि क्षेत्र विकासको लागि संचालित कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्दा खटिने कर्मचारी तथा पदाधिकारिलाई भत्ता तथा खाजा खर्च चामे गाउँपालिकाको खर्च मापदण्ड नबनेसम्म प्रदेश तथा संघिय खर्च नियमावली अनुसार हुनेछ ।

- कृषि शाखाले कृषिसँग सम्बन्धित अन्य कार्यक्रम दिवस संचालन तथा अन्य आवश्यक खर्च प्रचलित नियम कानुन अनुसार गर्नेछ ।

## ७ .विविध :

### क .अनुगमन समिति :

गाउँपालिकामा संचालित हरेक कृषिसंग सम्बन्धित कार्यक्रमहरुको अनुगमनका लागि देहाय बमोजिमको ५ सदस्यीय अनुगमन समिति रहनेछ ।

क. गाउँपालिका उपाध्यक्ष - संयोजक

ख. गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति १ जना - सदस्य

ग. गाउँपालिकाको आर्थिक विकास समिति संयोजक - सदस्य

घ. प्रमुख प्रशासकिय अधिकृत - सदस्य

ङ. गाउँपालिका कृषि शाखा प्रमुख - सदस्य सचिव

अनुगमन सम्बन्धि कार्यविधि अनुगमन समितिको निर्णय बमोजिम हुनेछ ।

### ख .भुक्तानीको लागि चाहिने आवश्यक कागजातहरु :

क. निवेदन

ख. स्विकृत लागत ईस्टिमेट

ग . सम्बन्धित वडा कार्यालय तथा शाखा प्रमुखको सिफारिस

घ. अनुगमन समितिको सिफारिस

ङ. सम्बन्धित काम संचालनको फोटो

च. प्रतिवेदन , आदि ।

ग .<u>छनौट समिति :</u>

१यस कार्यविधि बमोजिमका अनुदान कार्यक्रम संचालनका लागि निम्न . सदस्यीय छनौट समिति रहनेछ । ५ बमोजिमको

क. गाउँपालिका उपाध्यक्ष - संयोजक

ख. गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति १ जना - सदस्य

ग. गाउँपालिकाको आर्थिक विकास समिति संयोजक - सदस्य

घ. प्रमुख प्रशासकिय अधिकृत - सदस्य

ङ. गाउँपालिका कृषि शाखा प्रमुख - सदस्य सचिव

**घ. <u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र उल्लेख नभएका विषयहरुको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ।

**ङ. <u>बाधा अड्काउ फुकाउनेः</u>** यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा व्याख्या गरी बाधा अड्काउ फुकाउने अधिकार चामे गाउँ कार्यपालिकामा निहित रहने छ ।

**च. <u>खारेजी र संशोधनः</u>** चामे गाउँपालिकाको कृषि कार्यक्रम संचालन तथा अनुदान सम्बन्धि कार्यविधि २०८० खारेज गरिएको छ

<u>कृषक समुह समन्वय समिति</u>

१) टोल बस्तिमा गठन भएका कृषक समुहबाट प्रतिनिधित्व गर्दै प्रत्येक वडाहरुमा वडास्तरिय कृषक समुह समन्वय समिति र हरेक वडा स्तरिय समन्वय समितिको प्रतिनिधित्व हुने गरी गाउँस्तरिय कृषक समुह समन्वय समिति रहनेछ ।

२) गाउँस्तरिय समन्वय समिति ९ सदस्यीय हुनेछ ।

**क)** हरेक वडास्तरिय समन्वय समितिबाट प्रतिनिधत्व भई आएका ५ जना सदस्य - सदस्य

**ख)** कृषि शाखाले मनोनित गरेका व्यवसायिक कृषकहरु मध्येबाट कम्तिमा २ जना महिला सदस्य - सदस्य

**ग)** आर्थिक विकास समितिले १ जना जनजाती र १ जना दलित पर्ने गरि मनोनित गरेका २ जना सदस्य - सदस्य

३) सदस्यहरुले पदाधिकारीहरुमा आफुमध्येबाट १ जना अध्यक्ष, १ जना सचिव र १ जना कोषाध्यक्ष छान्न सक्नेछन जसमध्ये १जना महिला अनिवार्य हुनुपर्नेछ ।

४) वडा स्तरिय कृषक समन्वय समितिले कृषक समुहहरु तथा वडा कार्यालयहरु बिच समन्वय गरी उत्पादन, प्रशोधन, बजारीकरणको लागि गाउँस्तरिय कृषक समन्वय समितिलाई सहयोग गर्नेछ ।

५) गाउँस्तरिय कृषक समन्वय समितिले गाउँपालिका, वडा कार्यालय, वडा स्तरिय समन्वय समिति तथा अन्य सरोकारावालाहरु सँग समन्वय गरी उत्पादन, प्रशोधन, बजारीकरणको लागि आवश्यक कार्य गर्नेछ ।

प्रमाणीकरण मिति : २०८१ साल साउन ०९ गते बुधबार

**आज्ञाले**,

**नम नारायण मल्ल**

**नि प्रमुख प्रशासकीय अधिकृत**

## भाग २

# चामे गाउँपालिका, गाउँ कार्यपालिकाको सूचना

## चामे गाउँपालिकाको पशुपालन कार्यक्रम संचालन कार्यविधि
## २०८१

प्रस्तावना,

चामे गाउँपालिका पशु सेवा शाखाको स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा वास्तविक कृषक, कृषक/समूहहरु समक्ष लक्षित कार्यक्रमहरु पुगी पशुसेवा पेसालाई व्यवसाय उन्मुख र प्रतिस्प्रधी बनाई पशु सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न टेवा पुगोस भन्ने उद्देश्यले चामे गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भ

### १.संक्षिप्त नाम प्रारम्भ ,

क) यो कार्यविधिको नाम- पशुपालन  कार्यक्रम सञ्चालन कार्यविधी -२०८१ रहेको छ।

ख) यो कार्यविधि चामे गाउँपालिका स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२परिभाषाः** . विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नले चामे गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख) " कार्यालय" भन्नाले चामे गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

ग) " अध्यक्ष" भन्नाले चामे गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

घ) " उपाध्यक्ष" भन्नाले चामे गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

ङ) " वडा" भन्नाले चामे गाउँपालिकाका सबै वडा कार्यालय सम्झनु पर्दछ।

च) " प्रमुख प्रशासकीय अधिकृत" चामे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

छ) "समिति" भन्नाले दफा ७ बमोजिमको समितिलाई सम्झनुपर्दछ ।

ज) "फर्म" भन्नाले एकल स्वामित्व वा बहु-स्वामित्वमा रही नेपाल सरकारको कुनै निकायमा कानुन बमोजिम दर्ता भएको फार्म सम्झनुपर्दछ ।

झ) "समुह" भन्नाले कृषि तथा पशु समुह चामे गाउँपालिकामा दर्ता भएको समुह सम्झनुपर्दछ ।

ञ) "कृषक" भन्नाले चामे गाउँपालिकाका क्षेत्रभित्र रहेका कृषि तथा पशुपालन व्यवसायमा संलग्न व्यक्ति सम्झनुपर्दछ ।

ट) "कार्यक्रम" भन्नाले पशु शाखाको स्वीकृत वार्षिक कार्यक्रम सम्झनुपर्दछ ।

ठ) "श्रोत व्यक्ति" भन्नाले चामे गाउँपालिका पशु शाखाबाट वा कुनै सम्बन्धित निकायबाट आधारभुत तालिम प्राप्त गरी स्रोत फार्म निर्माण गरेको कृषकलाई सम्झनुपर्दछ ।

ड) "शाखा" भन्नाले चामे गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनुपर्दछ ।

ढ) "अनुदान" भन्नाले यस कार्यविधि अन्तर्गत कृषकलाई दिने अनुदान सम्झनु पर्दछ।

ण) "कार्यविधि" भन्नाले चामे गाउँपालिकाको पशुपालन  कार्यक्रम सञ्चालन कार्यविधी -२०८१ सम्झनु पर्दछ।

## परिच्छेद २
## उद्देश्यहरु

**३ उद्देश्यहरुः**.यस कार्यविधिका उद्देश्य देहाय बमोजिम हुनेछन।

क) चामे गाउँपालिकाले लिइएको पशुपन्छी विकास कार्यक्रमहरुको विद्यमान निती तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख) पशुपालन व्यवसायलाई सहजीकरण,प्रवर्द्धन एवं व्यवसायीकरण गर्नको लागि आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्ग सम्म पुऱ्याउन सहयोग गर्ने।

ग) पशुपालन व्यवसायबाट थप रोजगारीका अवसरहरु सृजना गरी जीवनस्तर सुधार गर्ने ।

घ) पशुपन्छीको उत्पादन परिमाण र गुणस्तरमा सुधार गर्ने तथा उत्पादन लागतमा न्यूनीकरण गर्ने

ङ) स्वच्छ मासु , दुध,अण्डा ,ऊन  र पश्मिना उत्पादनमा सहयोग गर्ने ।

च) व्यवसायिक कृषकहरुको पशुपालन लागतमा कम गरी व्यवसायलाई प्रतिस्प्रधात्मक बनाउने ।

छ) पशुपालन कार्यक्रम कार्यान्वयनका लागि कृषक समूह/ समिति/ सहकारी पशु सेवा तर्फका प्राविधिकहरु बीच समन्वय गरी प्रभावकरी बनाउने ।

ज) पशुपन्छी क्षेत्रको विकास एवं विस्तार गर्न कृषक समूह /समिति / सहकारी र पशुपन्छी फर्महरुलाई उत्प्रेरित गर्ने ।

झ) पशुपन्छीमा लाग्ने रोगहरुको निदान उपचार र नियन्त्रणमा सहयोग पुऱ्याउने ।

ञ) खाद्य तथा पशु स्वास्थ्य सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने ।

ट) गुणस्तरीय खाद्य वस्तु उत्पादन गरी उपभोक्ताहरुलाई पोषण सुरक्षाको प्रत्याभूति दिलाउने ।

ठ) सीमान्तकृत समुदाय लक्षित पशुपन्छी पालन कार्यक्रम सञ्चालन गरी उनीहरुलाई कृषि क्षेत्रमा सशक्तिकरण तथा मूलप्रवाहीकरण गर्ने ।

ड) पशु पालनमा बिमा कार्यलाई प्रभावकारी बनाउदै लैजाने ।

ढ) नियमन र गुणस्तर व्यवस्थापनमा जोड दिने ।

ण) नेपालका रैथाने घरपालुवा पशुपन्छीको संरक्षणमा जोड दिने ।

त) दीगो वातावरणमैत्री साथै जलवायुको असरलाइ न्यूनीकरण गर्ने खालका कार्यक्रममा जोड दिने ।

## परिच्छेद३-

**४ कार्यक्रमहरु .**

चामे गाउँपालिकामा यस परिच्छेद बमोजिम तपशिलका कार्यक्रमहरु व्यवसायिक कृषकहरुमा सञ्चालन हुनेछ।

क) घाँसको विउ वितरण कार्यक्रम (जै घाँस,राई,सेतो क्लोभर)

ख) औषधी तथा उपकरण खरिद कार्यक्रम

ग) सामुदायिक छाडा कुकुर व्यवस्थापन कार्यक्रम

घ) बोयर बोका वितरण कार्यक्रम (वडा नं. १)

ङ) पशु पौष्टिक आहारा वितरण कार्यक्रम

**च)** ढुवानी तथा जनशक्ति परिचालन र अन्य खर्च कार्यक्रम

**५.कार्य जिम्मेवारीः**

यस कार्यविधिलाई प्रभावकारी रुपमा लागु गर्न निम्नानुसार निकायको कार्य जिम्मेवारी रहने छ।

क. यस गाउँकार्यपालिका कार्यविधि पारित गरी सफल रुपमा कार्यान्वयन भए नभएको प्रत्यक्ष निगरानी एवं अनुगमन गर्ने समय सापेक्ष परिमार्जन गर्दै लैजाने।

ख. गाउँपालिकाले कार्यविधि प्रभावकारी रुपमा कार्यन्वयन गर्न लगाउने।

ग. पशु सेवा शाखाले प्राविधिक रुपमा जिम्मेवारी लिई कार्यक्रम कार्यन्वयन गर्ने।

घ. वडा कार्यालय तथा सम्पर्क केन्द्रले कृषकका समस्याहरु समाधान गर्न आवश्यकता अनुसार कार्यक्रम कृषक समक्ष पुऱ्याउने।

ङ. कृषक,कृषक समुह तथा कृषक समुह समन्वय समिति कार्यक्रमका उद्देश्यहरु हाँसिल गर्न क्रियासिल भई उत्पान तथा बजारीकरणमा प्रत्यक्ष रुपमा संलग्न भई प्रभावकारी रुपमा कार्य गर्ने।

**६.कार्यक्रम सञ्चालन कार्यविधिः**

परिच्छेद ३ को दफा ४ का कार्यक्रम सञ्चालन गर्न देहायका कार्यविधि पुरा गर्नु पर्नेछ।

क .**<u>घाँसको विउ वितरण कार्यक्रम (सेतो क्लोभर,राई,जै घाँस)</u>**

- चामे गाउँपालिका भित्र बसोबास गर्ने व्यवसायिक पशुपालन गर्ने कृषकलाई आवश्यक अनुसार उन्नत जातको घाँसको बिउँ पूर्ण अनुदानमा (१००% प्रतिशत) अनुदानमा खरिद गरी वितरण गराईनेछ।
- गाउँपालिका क्षेत्रभित्र नियमानुसार दर्ता भएका व्यवसायिक रुपमा कृषि,पशुपालन गर्ने कृषक,कृषक समुह, कृषि सहकारी, कृषि तथा

- पशुपन्छी फर्म,कृषि उद्यमीलाई घाँसको बिउँ वितरणमा विशेष प्राथमिकता दिइनेछ।
- गाउँपालिकामा आवश्यक प्रक्रिया पुरा गरी कृषक समुह, कृषि सहकारी,कृषि तथा पशुपन्छी फर्म दर्ता तथा नविकरण गर्नुपर्नेछ।
- पशु सेवा शाखाले कार्यक्रम सञ्चालन पुर्व ७ दिने वा १५ दिने आवश्यकता अनुसार सूचना प्रकाशन गर्नेछ।
- वडा कार्यलयको सहकार्यमा पशु शाखाले कृषकको निवेदन संकलन गर्नेछ।
- कृषकले गाउँपालिकामा निवेदन दिदा तपशिलका कागजातहरु संलग्न गर्नुपर्नेछ।
    - ✓ कृषक,कृषक समुह,कृषि सहकारी ,कृषि तथा पशुपन्छी फर्म ,कृषि उद्यमीको निवेदन
    - ✓ कृषक,कृषक समुह,कृषि सहकारी ,कृषि फर्म दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि,
    - ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस,
    - ✓ कृषक,कृषक समुह,कृषि सहकारी ,कृषि फर्मको हकमा स्थाई लेखा नम्बर परिचयपत्रको प्रतिलिपि,
    - ✓ चामे गाउँपालिकामा चालु आ ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
    - ✓ म्याद नाघि आएका निवेदन उपर कुनै काम कार्वाही हुनेछैन।
    - ✓ रितपूर्वक संकलन भएका निवेदन माथि आवश्यक निर्णय पश्चात कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

**ख.<u>औषधी तथा उपकरण खरिद कार्यक्रम</u>**

- चामे गाउँपालिका भित्रका बसोबास गर्ने स्थानीय बासिन्दा पशुपन्छी पालन गर्ने कृषकलाई आवश्यक अनुसार पशुपन्छीको औषधी तथा उपकरण निशुल्क वितरण गरिनेछ।रोग निधान तथा उपचार गर्न,पशुपालन गर्ने कृषकको पशुहरुको बाहिरी तथा आन्तरिक परजिबी नियन्त्रण गर्न औषधी खरीद गरी वितरण गरिनेछ ।

**ग.<u> सामुदायिक छाडा कुकुर व्यवस्थापन कार्यक्रम</u>**

- चामे गाउँपालिका भित्र रहेका घरपालुवा र छाडा कुकुरको नियन्त्रण गरी रेबिज तथा अन्य खोप लगाईने छ र कुकुरको आक्रमण रोक्नको लागि कुकुरहरुलाई नियन्त्रण गरी निशुल्क रुपमा बन्ध्याकरण गरिनेछ।
- कुकुरलाई बन्ध्याकरण गर्न बाहिरबाट पशु चिकित्सक (भेटेरिनरी डक्टर) ३/४ जना र अन्य आवश्यक अनुसार सहायक हेल्परहरु पनि खटाउन सकिनेछ । दैनिक ज्यालादारी दिने गरी द्बिपक्षिय सझौता गरेर ल्याउन सकिनेछ।
- पशु सेवा शाखाले कुकुर बन्ध्याकरणको लागि ७ दिने वा १५ दिने आवश्यकता अनुसार पूर्व सूचना प्रकाशन गर्नेछ।

**घ.<u> बोयर बोका वितरण कार्यक्रम (१ .वडा नं)</u>**

- चामे गाउँपालिका वडा नं. १ क्षेत्रभित्रका कृषकहरुलाई उन्नत जातको बाख्रा पालन पेशातर्फ आकर्षण र उन्मुख गर्नको लागि किसानलाई खरिद मुल्यको ८०% (प्रतिशत) अनुदानमा बोयर बोका वितरण गराइनेछ।ब्यवसायीक पशुपालन गर्ने कृषकको आयस्तर बढाउन बोयर बोका वितरण गरिनेछ । अनुदानमा वितरण गरिएको बोका कम्तिमा ३ आर्थिक बर्ष सम्म बिक्री

तथा वितरण गर्न पाइने छैन। यदि वितरण गरिएको खण्डमा प्रचलित चामे गाउँपालिकाको नियमानुसार अशुल उपर गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र नियमानुसार दर्ता भएका व्यवसायिक रुपमा कृषि, पशुपालन गर्ने कृषक,कृषक समुह, कृषि सहकारी, कृषि तथा पशुपन्छी फर्म,कृषि उद्यमीलाई बोयर बोका वितरणमा विशेष प्राथमिकता दिइनेछ।
- गाउँपलिकामा आवश्यक प्रक्रिया पुरा गरी कृषक समुह, कृषि सहकारी,कृषि फर्म दर्ता तथा नविकरण गर्नुपर्नेछ।
- पशु सेवा शाखाले कार्यक्रम सञ्चालन पुर्व ७ दिने वा १५ दिने आवश्यकता अनुसार सूचना प्रकाशन गर्नेछ।
- वडा कार्यलयको सहकार्यमा पशु शाखाले कृषकको निवेदन संकलन गर्नेछ।
- कृषकले गाउँपालिकामा निवेदन दिदा तपशिलका कागजातहरु संलग्न गर्नुपर्नेछ।
  - ✓ कृषक,कृषक समुह,कृषि सहकारी ,कृषि तथा पशुपन्छी फर्म ,कृषि उद्यमीको निवेदन ,
  - ✓ कृषक,कृषक समुह,कृषि सहकारी ,कृषि फर्म दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि,
  - ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस,
  - ✓ कृषक,कृषक समुह,कृषि सहकारी ,कृषि फर्मको हकमा स्थाई लेखा नम्बर परिचयपत्रको प्रतिलिपि,
  - ✓ चामे गाउँपालिकामा चालु आ ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
  - ✓ म्याद नाघि आएका निवेदन उपर कुनै काम कार्वाही हुनेछैन।

- ✓ रितपूर्वक संकलन भएका निवेदन माथि आवश्यक निर्णय पश्चात कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

ङ.<u>पशु पौष्टिक आहारा वितरण कार्यक्रम</u>

- चामे गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने पशुपालन गर्ने किसानलाई पशुपालन पेशातर्फ आकर्षण गर्नको लागि कृषकलाई खरिद मुल्यको ६०% (प्रतिशत) अनुदानमा पशु पौष्टिक आहारा उपलब्ध गराईनेछ साथै पशुलाई बाझोपन तथा कुपोषण हुनु बाट बचाउनको निम्ति पौष्टीक दाना वितरण गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र नियमानुसार दर्ता भएका व्यवसायिक रुपमा कृषि,पशुपालन गर्ने कृषक,कृषक समुह, कृषि सहकारी, कृषि तथा पशुपन्छी फर्म,कृषि उद्यमीलाई पौष्टिक आहारा वितरणमा विशेष प्राथमिकता दिइनेछ।
- गाउँपालिकामा आवश्यक प्रक्रिया पुरा गरी कृषक समुह, कृषि सहकारी,कृषि तथा पशुपन्छी फर्म दर्ता तथा नविकरण गर्नुपर्नेछ।
- पशु सेवा शाखाले कार्यक्रम सञ्चालन पुर्व ७ दिने वा १५ दिने आवश्यकता अनुसार सूचना प्रकाशन गर्नेछ।
- वडा कार्यलयको सहकार्यमा पशु शाखाले कृषकको निवेदन संकलन गर्नेछ।
- कृषकले गाउँपालिकामा निवेदन दिदा तपशिलका कागजातहरु संलग्न गर्नुपर्नेछ।
    - ✓ कृषक,कृषक समुह,कृषि सहकारी ,कृषि फर्म ,कृषि उद्यमीको निवेदन ,
    - ✓ कृषक,कृषक समुह,कृषि सहकारी ,कृषि तथा पशुपन्छी फर्म दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि,
    - ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस,

- ✓ कृषक,कृषक समुह,कृषि सहकारी ,कृषि फर्मको हकमा स्थाई लेखा नम्बर परिचयपत्रको प्रतिलिपि,
- ✓ चामे गाउँपालिकामा चालु आ ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- ✓ म्याद नाघि आएका निवेदन उपर कुनै काम कार्वाही हुनेछैन।
- ✓ रितपूर्वक संकलन भएका निवेदन माथि आवश्यक निर्णय पश्चात कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

**च.<u>ढुवानी तथा जनशक्ति परिचालन र अन्य खर्च कार्यक्रम</u>**

- चामे गाउँपालिकाको पशु क्षेत्र विकासको लागि पशु सेवा कार्यक्रम सञ्चालन गर्न आवश्यक बस्तु (सामाग्री) तथा सेवा चामे वा मनाङ जिल्लामा नपाइने कारण अन्य स्थानबाट ढुवानी गरी ल्याउँदा मनाङ जिल्लाको जिल्ला दररेट वा चामे गाउँपालिकाको स्थानीय दररेट अनुसार गरिनेछ।

- चामे गाउँपालिकामा पशु क्षेत्र विकासको लागि सञ्चालित कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्दा खटिने कर्मचारी तथा पदाधिकारीलाई भत्ता तथा खाजा खर्च र सचार खर्च चामे गाउँपालिकाको खर्च मापदण्ड नबनेसम्म प्रदेश तथा संघीय खर्च नियमावली अनुसार हुनेछ।

## ७. विविधः

**क.अनुगमन समितिः**

गाउँपालिकामा सञ्चालित हरेक पशुपालनसँग सम्बन्धित कार्यक्रमहरुको अनुगमनका लागि देहाय बमोजिमको ५ सदस्यीय अनुगमन समिति रहनेछ।

क.गाउँपालिका उपाध्यक्ष

ख.गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति १ जना

ग.गाउँपालिकाको आर्थिक विकास समिति संयोजक

घ.प्रमुख प्रशासकीय अधिकृत

ङ.गाउँपालिका पशु शाखा प्रमुख

अनुगमन सम्बन्धि कार्यविधि अनुसार अनुगमन समितिको निर्णय बमोजिम हुनेछ।

**ख.भुक्तानीको लागि चाहिने आवश्यक कागजातहरुः**

क.निवेदन

ख.स्वीकृत लागत ईस्टिमेट

ग.सम्बन्धित वडा कार्यालय तथा शाखा प्रमुखको सिफारिस

घ.अनुगमन समितिको सिफारिस

ङ.सम्बन्धित काम सञ्चालनको फोटो

च.प्रतिवेदन ,आदि।

**ग.छनौट समितिः**

१.यस कार्यविधि बमोजिमका अनुदान कार्यक्रम सञ्चालनका लागि निम्न बमोजिमको ५ सदस्यीय छनौट  समिति रहनेछ।

क.गाउँपालिका उपाध्यक्ष
ख.गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति १ जना
ग.गाउँपालिकाको आर्थिक विकास समिति संयोजक
घ.प्रमुख प्रशासकीय अधिकृत
ङ.गाउँपालिका पशु शाखा प्रमुख -सदस्य सचिव

<u>कृषक समुह समन्वय समिति</u>

<u>१)</u> टोल बस्तीमा गठन भएका कृषक समुहबाट प्रतिनिधित्व गर्दै प्रत्यक वडाहरुमा वडा स्तरीय कृषक समहु समन्वय समिति र हरेक वडा स्तरीय समन्वय समितिको प्रतिनिधित्व हुने गरी गाउँस्तरीय कृषक समुह समन्वय समिति रहनेछ।

<u>२)</u> गाउँस्तरीय समन्वय समिति ९ सदस्यीय हुनेछ।
क.हरेक वडास्तरीय समन्वय समितिबाट प्रतिनिधित्व भई आएका ५ जना -सदस्य
ख. पशु सेवा शाखाले मनोनित गरेका व्यवसायिक कृषकहरु मध्यबाट २ जना महिला सदस्य - सदस्य
ग. आर्थिक विकास समितिले १ जना जनजाति र १ जना दलित पर्ने गरी मनोनित गरेका २ जना सदस्य -सदस्य

३) सदस्यहरुले पदादिकारीहरुमा आफुमध्येबाट १ जना अध्यक्ष, १जना सचिव र १ जना कोषाअध्यक्ष छान्न सक्नेछन। जसमध्ये १जना महिला अनिबार्य हुनुपर्नेछ।

४) वडा स्तरीय कृषक समन्वय समितिले कृषक समुहहरु तथा वडा कार्यालयहरु बिच समन्वय गरी उत्पादन ,प्रशोधन ,बजारीकरणको लागि गाउँ स्तरीय कृषक समन्वय समितिलाई सहयोग गर्नेछ।

५) गाउँ स्तरीय कृषक समन्वय समितिले गाउँपालिका,वडा कार्यालय ,वडा स्तरीय समन्वय समिति तथा अन्य सरोकारवालाहरु सँग समन्वय गरी उत्पादन , प्रशोधन, बजारीकरणको लागि आवश्यक कार्य गर्नेछ।

प्रमाणीकरण मिति : २०८१ साल साउन ०९ गते बुधबार

**आज्ञाले**,

**नम नारायण मल्ल**

**नि प्रमुख प्रशासकीय अधिकृत**



मुद्रक : चामे गाउँपालिका, गण्डकी प्रदेश । मूल्य रु ७०।-